" कृषि, पर्यटन र पुर्वाधार, सम्बृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

# मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश (नेपाल)

प.सं. : २०८१/०८२

च.नं. :

मिति : २०८१/०४/१६

ने.स. : ११४४ दिल्लागा, ११ बुधबार

सूचना ! सूचना !! सूचना !!!

**विषय : एक पटकका लागि प्रदेश लोक सेवा आयोगको विज्ञापनमा उम्मेदवार हुनका लागि उमेर हद नलाग्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

उपरोक्त सम्बन्धमा प्रदेश लोक सेवा आयोग बिराटनगर, नेपालको च.नं. २८, मिति २०८१/०४/०७ को पत्र अनुसार स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) उपखण्ड (३) बमोजिम स्थानीय तहमा कर्मचारी समायोजन हुँदा तथा (स्थानीय सरकार संचालन) ऐन, २०७४ प्रारम्भ हुँदाका बखत स्वीकृत स्थायी दरबन्दी मध्ये पदपुर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी करार नियुक्ती भई हाल सम्म सेवामा अबिछिन्न रुपमा कार्यरत रहेका र आवश्यक न्युनतम योग्यता हासिल गरेका स्थानीय सरकारी सेवाका अस्थायी करार कर्मचारीहरुलाई एक पटकका लागी त्यस्ता कर्मचारीहरु मात्र सहभागी हुन पाउने गरी बिज्ञापन गर्ने भनी पदपुर्ति आकृति फारम विवरण माग भई आएकोले माथि उल्लेख भए बमोजिम योग्यता पुगेका यस मिक्लाजुङ गाउँपालिका अन्तर्गत कायरत अस्थायी करार कर्मचारीहरुले मिति २०८१/०४/२० गते भित्र आफ्नो सेवा अवधी प्रमाणित गर्ने आवश्यक कागजातहरु सुरु नियुक्ती पत्र, शैक्षिक योग्यताको प्रमाण-पत्रहरु, हालसम्मको करार सम्झौता नविकरण पत्र सहित यस गाउँपालिकाको प्रशासन शाखामा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

.......................

सुमन यङ्या

प्रमुख प्रशासकीय अधिकृत